# मर्मत-सम्भार विशेष कोष सञ्चालन
# निर्देशिका-२०६५

**प्रस्तावना :-**

सडक सञ्जाल नै विकासको मूल पूर्वाधार हो । सामाजिक, आर्थिक क्षेत्रको विकास गरी मानवजीवनमा सुधार ल्याउन सडकले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सडक यातायातको पहुँच ग्रामीण क्षेत्रसम्म सहज रूपमा पुऱ्याउने जिल्ला यातायात गुरुयोजनाको लक्ष्य हो । धनकुटा जिल्लाका सबै गा.वि.स.हरूलाई सडक सञ्जालमा जोड्नका लागि ट्र्याक खोल्न कार्य लगभग पूरा भइसकेको छ । यसरी ट्र्याक खोल्न भएका सडकहरूमा यातायात सञ्चालन गराई गाउँबासीहरूलाई सेवा पुऱ्याउन सक्ने बनाउनका लागि सडकहरूको मर्मत-सम्भार गरिरहनुपर्ने अवस्था रहेको छ । जिल्ला विकास समितिको सीमित स्रोत र साधनबाट मात्र सबै सडकहरूको मर्मत-सम्भार गर्न कठिनाइ पर्ने भएको हुनाले अन्य निकायको समेत साथ र सहयोग लिनका लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकार तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५४ को (ग) मा भएको व्यवस्थाअनुसार मर्मत-सम्भार विशेष कोष सञ्चालन निर्देशिका तयार गरी जिल्ला विकास समिति, धनकुटाले कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१ यस निर्देशिकाको नाम "मर्मत-सम्भार विशेष कोष स्थापना सञ्चालन निर्देशिका, २०६५" रहेको छ ।

१.२ यो निर्देशिका जिल्ला परिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले मर्मत-सम्भार विशेष कोष सञ्चालन निर्देशका, २०६५ बुझ्नुपर्छ ।

(ख) "जिल्ला विकास समिति" भन्नाले जिल्ला विकास समिति (जि.वि.स.) धनकुटा बुझ्नुपर्छ ।

(ग) "आर्थिक नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई बुझ्नुपर्छ ।

(घ) "समिति" भन्नाले मर्मत-सम्भार विशेष कोष सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नु पर्छ ।

(ङ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास, नगरपालिका र गाउँ विकास समितिलाई बुझ्नु-पर्दछ ।

(च) "उपभोक्ता समिति" भन्नाले सञ्चालित योजनाबाट प्रत्यक्ष रूपमा सेवा/लाभ प्राप्त गर्ने टोल, वडा, र गाउँका बासिन्दाहरूवाट उक्त योजना सञ्चालन गर्नका लागि वनेर दर्ता भएका संगठनलाई बुझ्नुपर्दछ ।

(छ) "दर्ता भएका उपभोक्ता समिति" भन्नाले गैर सरकारी संस्था ऐन, २०३४ अन्तर्गत दर्ता भएका उपभोक्ता समितिहरूलाई बुझ्नुपर्दछ ।

(ज) " कोष" भन्नाले मर्मत-सम्भार विशेष कोषलाई बुझ्नुपर्दछ ।

**३. कोषको स्थापना तथा छाप :-**

३.१ मर्मत-सम्भार विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

३.२ कोषको छाप अनुसूची-१ मा व्यवस्था भएअनुसार हुनेछ ।

**४. कोषको कार्यालय :-**

४.१ कोषको कार्यालय जिल्ला विकास समितिको कार्यालयमा रहनेछ ।

## परिच्छेद-२

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५. दीर्घकालीन अवधारणा :-**

यस जिल्लाका सबै गाउँ विकास समितिलाई जिल्लासँगको सडक सञ्चालनमा जोडी वर्ष-भरि नै सहज ढङ्गले यातायात सञ्चालन गराई ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनतालाई सेवा पुऱ्याई यसकै माध्यमबाट ग्रामीण गरिबीलाई घटाई आर्थिक स्तरोन्नतिमा सहयोग पुऱ्याउनु कोषको दीर्घकालीन अवधारणा हुनेछ ।

**६. लक्ष्य :-**

जिल्लाका सबै गाउँ विकास समितिलाई सडक सन्जालमा जोड्न बनेका सडकहरुको मर्मत-सम्भार गरी वर्षै- भरि यातायात सञ्चालन गराई ग्रामीण जनतालाई सेवा पुऱ्याई आर्थिक स्तर सुधारमा सहयोग पुऱ्याउनु कोषको लक्ष्य हुनेछ ।

**७. उद्देश्य :-**

मर्मत-सम्भार विशेष कोषका उद्देश्य देहायअनुसार हुनेछन् :-

७.१ जिल्लामा निर्माण भएका सडकहरूको मर्मत-सम्भार गरी यातायात सञ्चालन योग्य बनाउने ।

७.२ यातायात सञ्चालन भएका तर बिग्रिएका सडकहरूको मर्मत-सम्भार गरी यातायातका साधन चल्नयोग्य बनाउने ।

७.३ जिल्ला यातायात गुरुयोजनामा उल्लिखित सडकहरुलाई वर्षैभरि यातायात सञ्चालनयोग्य वनाउने ।

७.४ सडकहरुको नियमित, आकस्मिक, पटके र आवधिक मर्मत-सम्भार गरी यातायात सञ्चालन-योग्य बनाउने ।

७.५ जिल्लामा रहेका सडकहरूलाई स्थानीय निकाय, दर्तावाला उपभोक्ता समिति र अन्य निकाय-समेतको समन्वयमा मर्मत-सम्भार गरी ग्रामीण समुदायलाई सहज रूपमा सेवा उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

**८. नीति :-**

८.१ सडक मर्मत-सम्भार कार्य सहभागितात्मक विधिबाट अगाडि बढाउने ।

८.२ जिल्लास्तर र ग्रामीण स्तरका सडकको पहिचान गरी जनसमुदायले बढी लाभ प्राप्त गर्न सक्ने सडकलाई प्राथमिकताका साथ मर्मत-सम्भार कार्य गर्ने ।

८.३ भौगोलिक क्षेत्रलाई समेत मध्येनजर गर्दै सडक मर्मत-सम्भार कार्य गर्ने ।

८.४ बढी जनसहभागिता जुट्ने सडकहरूलाई प्राथमिकता दिने ।

८.५ यातायात सञ्चालन भई समुदायलाई सेवा पुऱ्याइहाल्ने सडकहरूलाई प्राथमिकता दिने ।

८.६ उपभोक्ता समितिको क्रियाशीलताका आधारमा सडक छनौट गर्ने ।

## परिच्छेद-३
## कोष संचालनसम्बन्धी व्यवस्था

**९ कोषको सञ्चालन समितिको गठन :-**

९.१ कोषको लक्ष्य, उद्देश्य प्राप्तिका लागि देहायअनुसारको एक सञ्चालन समिति गठन गरिने छ :-

- जिल्ला विकास समितिका सभापति - अध्यक्ष
- विकास निर्माण समितिका संयोजक - सदस्य
- स्थानीय विकास अधिकारी - सदस्य
- जिल्ला प्राविधिक कार्यालयका प्रमुख - सदस्य
- सब इन्जिनियर जि.वि.स.को कार्यालय - सदस्य
- कार्यक्रम अधिकृत जि.वि.स.को कार्यालय - सदस्य
- यो.अ.तथा प्र.अ., जि.वि.स.को कार्यालय - सदस्य सचिव

९.२ सञ्चालन समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता महसुस भएमा सञ्चालन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

९.३ सञ्चालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

## १०. सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-

सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जिल्ला यातायात गुरुयोजनाका आधारमा सडकहरूको प्राथमिकता निर्धारण गरी एकीकृत मर्मत-सम्भार योजना बनाउने र सोहीअनुसार मर्मत-सम्भार कार्यक्रम सञ्चालन गर्ने ।

(ख) मर्मत-सम्भार कोष वृद्धिका लागि आवश्यक समन्वय गर्दै स्रोतको पहिचान गर्ने ।

(ग) मर्मत-सम्भारमा उपभोक्ता समिति र स्थानीय निकाय समेतको सहभागिताका लागि पहल गर्ने ।

(घ) मर्मत-सम्भारलाई दिगो र भरपर्दो बनाउन पहल गर्ने ।

(ङ) सडक मर्मत-सम्भार कार्यलाई पारदर्शी एवं मितव्ययी बनाउन पहल गर्ने ।

(च) सडक मर्मत-सम्भार कार्य दर्तावाला उपभोक्ता समितिमार्फत गराउने ।

(छ) अनुगमन मूल्यांकन गर्ने ।

(ज) मर्मत-सम्भार कार्य प्रभावकारी ढङ्गवाट सञ्चालन गर्ने ।

(झ) कोषको वार्षिक, अर्धवार्षिक कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ञ) कोषका कार्यहरूको प्रगति समीक्षा गर्ने/गराउने ।

## ११. अध्यक्षको काम कर्तव्य र अधिकार :-

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा स्वीकृत गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा तथा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३ सदस्यको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पु¥याउने ।

(ग) तोकिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य कार्यहरू पूरा गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पु¥याउने ।

## परिच्छेद–४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तीय व्यवस्थापन :-**

१४.१. कोषको नाममा एउटा कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् :-

(क) जिल्ला विकास समितिबाट मर्मत-सम्भारका लागि छुट्याइने वार्षिक रकम ।

(ख) जिल्ला विकास समितिबाहेक अन्य स्थानीय निकायबाट प्राप्त हुने रकम ।

(ग) नेपाल सरकारवाट सडक मर्मत-सम्भार कोषका लागि प्राप्त हुने रकम

(घ) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

१४.२. कोषको रकम जिल्लास्थित सरकारी कारोवार सञ्चालन हुने बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन जि.वि.स.को कार्यालयका स्थानीय विकास अधिकारी वा निजले तोकेका अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजले तोकेका उक्त शाखाका अन्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१४.३. कोषको लेखापरीक्षण जिल्ला विकास कोषको लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिकाबमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ बमोजिम हुनेछ ।

**१६. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजनबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

**१७. प्रशासनिक व्यवस्था :-**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार जि.वि.स.को कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

**१८. बैठक भत्ता :-**

कोषको व्यवस्थापन समिति तथा कार्यकारिणी समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई जिल्ला विकास समितिका सदस्यले पाएसरहको बैठक भत्ता उपलब्ध गराइने छ ।

**१९. कार्यक्रम संचालनसम्बन्धी खर्चको व्यवस्था :-**

१९.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोष आफैले वा दर्ता भएका उपभोक्ता समितिले सञ्चालन गर्न सक्नेछ ।

१९.२. कोषका कार्यक्रम कोष र दर्ता भएका उपभोक्ता समिति मिलेर सञ्चालन गराउन सक्नेछ ।

**२०. कोषको रकम खर्च प्रकृया :-**

२०.१ कोषको रकम देहायका कार्यहरूमा खर्च हुनेछ ।

(क) सडकको नियमित मर्मत-सम्भार ।

(ख) सडकको पटके मर्मत-सम्भार ।

(ग) सडकको आकस्मिक मर्मत-सम्भार

(घ) सडकको आवधिक मर्मत-सम्भार

२१. **नियमित, पटके वा आवधिक मर्मत-सम्भारका लागि सडक छनौट प्रक्रीया**

दर्तावाला उपभोक्ता समिति, गाउँ विकास समितिबाट नियमित, पटके वा आवधिक मर्मत-सम्भारका लागि वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भइआएका सडकहरूमध्येबाट देहायका आधारमा आवश्यकता र उपयुक्त देखिएका सडकलाई पहिलो प्राथमिकताका साथ छनौट प्रक्रियालाई अगाडि बढाउनुपर्दछ ।

(क) अद्यावधिक जिल्ला यातायात गुरु योजनामा परेका सडकहरू ।

(ख) सडकको लम्बाइ तथा सडक सञ्चालनमा सो सडकको महत्व ।

(ग) सडकबाट लाभान्वित हुने जनसंख्या ।

(घ) सडक मर्मत-सम्भारबाट प्राप्त हुने लाभ ।

(ङ) सार्वजनिक यातायात सञ्चालनको अवस्था ।

(ङ) जिल्लास्तरीय सडक, कृषि सडक, ग्रामीण सडकहरूमध्ये जनतालाई पुऱ्याउन सक्ने लाभ र गरिबी न्यूनीकरणमा पुऱ्याउन सक्ने योगदान ।

२२. **मर्मत-सम्भार कार्य गराउने व्यवस्था**

जिल्लामा रहेका सडकहरूको नियमित मर्मत-सम्भार, पटके मर्मत-सम्भार, आवधिक मर्मत-सम्भार उपभोक्ताबाट अधिकतम रूपमा स्थानीय स्रोत साधन, मानवस्रोतको प्रयोग गरी अधिकतम जनसहभागिता जुटाई प्रभावकारी रूपमा सञ्चालन गराउने व्यवस्था गरिने छ । उपभोक्ता समितिबाट कार्य गराउँदा जिल्ला विकास समितिबाट स्वीकृत उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका, २०६३ अनुसार गराइने छ । सडक मर्मत-सम्भार कार्य जि.वि.स. आफैले स्थानीय निकाय आर्थिक प्रसाशन नियमावली, २०६४ अनुसार पनि गराउन सक्ने छ ।

## परिच्छेद-५
## विविध

**२३. जाँचपास तथा फरफारक :-**

कोषबाट सञ्चालन गरिएका मर्मत-सम्भार कार्यहरुको जाँचपास फरफारक सञ्चालन समितिको वैठकवाट गरिने छ ।

**२४. जिल्ला विकास योजनामा समावेश गर्ने :-**

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू परिषद्‌मा राखी जिल्ला विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२५. निर्देशिकाको संशोधन :-**

२५.१. यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा सञ्चालन समितिको सिफारिसमा जिल्ला विकास समितिले गर्नेछ ।

**२६. बचाउ र खारेजी :-**

२६.१. कुनै कारणवश कोष संचालन हुन नसकेमा जिल्ला विकास समितिले कोषलाई खारेज गर्न सक्नेछ ।

२६.२. कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व जिल्ला विकास समितिमा स्वतः सर्नेछ ।